नेपाल सरकार
# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

मितिः २०७४/२/४
सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं. 2073/74
च.नं. 65

विषय : पारिश्रमिक सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय ,
सबै ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय संखुवासभाको च.नं.२२०१ मिति २०७४/२/४ गतेको पत्रानुसार स्थानीय शान्ति समितिमा कार्यरत कार्यालय सचिव लगायत अन्य कर्मचारीहरुलाई पुरानै स्केल अनुसार तलव उपलब्ध गराई रहेकोमा मन्त्रालयबाट नयाँ तलव स्केल अनुसारको अख्तियारी प्राप्त भएकोमा शान्ति समितिमा कार्यरत कर्मचारीहरुलाई चालु आ.ब.२०७३/७४ को श्रावण महिना देखि छुट भएको तलव सहित बढेको तलव उपलब्ध गराउन मिल्ने/नमिल्ने भनि आवश्यक निर्देशन हुन अनुरोध भई आएको र अन्य केहि जिल्लाहरुमा समेत यस सम्बन्धमा अन्योलता रहेको बुझिन आएको सन्दर्भमा २०७३ श्रावन महिना देखि वृद्धि भएको तलव स्केल समेत समेटिने गरी थप बजेट र अख्तियारी प्राप्त भै सोही आधारमा स्थानीय शान्ति समितिका कर्मचारीलाई नयाँ स्केल अनुसार तलव उपलब्ध गराउनका लागि सबै जिल्ला प्रशासन कार्यालयहरुमा अख्तियारी पठाइसकिएकोले करार सम्झौतामा उल्लेखित अन्य शर्तहरु यथावत रहने गरी निजहरुको पद/श्रेणी अनुसार नयाँ तलवमान अनुसार तलव उपलब्ध गराउन हुन् आदेशानुसार अनुरोध छ ।

नरेन्द्र परियार
(शाखा अधिकृत )


फोन नं. ४२११९८९, ४२११०८९, ४२११९७१, ४२११९७६, ४२११५५०    फ्याक्स : ९७७-१-४२११९८६